प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली

इमेल: mosdkailali07@gmail.com
फोन नं.:०९१५२४५६३
०९१५२६५०४
फ्याक्स नं.०९१-५२७१६८

प.सं.:- ०७६/०७७
च.नं.:- ११०४३

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय कैलाली, नेपाल २०७४

मिति : २०७६/०८/१९

विषय : आवश्यक कार्यन्वयन सम्बन्धमा।

श्री, सम्पूर्ण स्वास्थ्य कार्यालयहरु,

सुदूरपश्चिम प्रदेश।

उपरोक्त सम्बन्धमा स्वास्थ्य बिमा नियमावाली, २०७५ को परिच्छेद २ को दफा १६ को १ मा उल्लेख भएबमोजिम लाई स्वास्थ्य बिमाको दायरामा ल्याई स्वास्थ्य सेवा प्रवाहलाई सहज र सुलभ बनाउनको निम्ति त्यस जिल्लामा कार्यरत रहेका दर्ता अधिकारि संग आवश्यक समन्वय र सहकार्य गरि बिमित भएको सुनिश्चित गर्नुहुन र साथै यस प्रदेशमा रहेका सम्पूर्ण महिला स्वास्थ्य स्वयम्सेविकाहरु संग्लग्न भएको परिवारको योगदान रकमको पचास प्रतिशत यस मन्त्रालयले बेहोर्ने गरि कार्य अघि बढेको समेत जानकारी गरिन्छ।

.....
डा चेतराज जोशी
महाशाखा प्रमुख
महाशाखा प्रमुख

बोधार्थ :

स्वास्थ्य निर्देशनालय, डोटी।

प्रदेश स्वास्थ्य बिमा बोर्ड, कैलाली।

(५) मृत्यु, बसाईसराई, विवाह वा अन्य कुनै कारणले बीमित परिवारको सदस्य सङ्ख्या घटेमा भुक्तानी भईसकेको योगदान रकम फिर्ता हुने छैन र निजको सट्टा अर्को सदस्य थप्ने सुविधा पनि पाइने छैन।

१६. व्यहोर्ने योगदान रकम : (१) कार्यक्रममा आबद्धताको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले व्यहोर्ने योगदान रकम देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानून बमोजिम अति गरिबको परिचयपत्र प्राप्त परिवारको योगदान रकमको शतप्रतिशत,

(ख) अति अशक्त अपाङ्गता, कुष्ठरोगी, एच.आई.भी. सङ्क्रमित, जटिल खालका क्षयरोग (एम.डि.आर.टि.बि.) बिरामी भएकाको परिवारको योगदान रकमको शतप्रतिशत,

(ग) सत्तरी वर्ष उमेर पुगेका जेष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत,

(घ) महिला स्वास्थ्य स्वयंसेविका संलग्न भएको परिवारको योगदान रकमको पचास प्रतिशत।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारबाट अनुदान प्राप्त गरी वा आफ्नै स्रोतबाट आर्थिक रुपले विपन्न तथा गरिब लगायतका लक्षित वर्गको लागि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरेको अवस्थामा सोको लागि नेपाल सरकारले थप योगदान रकम व्यहोर्ने छैन।

१७. सुविधा सम्बन्धी व्यवस्था : (१) बोर्डले ऐनको दफा ५ बमोजिमका सेवा अन्तर्गत प्रदान गरिने सुविधा बोर्डको सिफारिसमा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) बीमितले देहाय बमोजिमको रकमको हदसम्म मात्र सेवा प्राप्त गर्न सक्नेछ :-

(क) पाँचजनासम्मको सदस्य रहेको परिवारका लागि प्रति परिवार प्रति वर्ष एक लाख रुपैयाँसम्म,

(ख) पाँच जनाभन्दा बढी सदस्य रहेको परिवारको हकमा प्रति सदस्य थप बीस हजार रुपैयाँका दरले प्रति वर्ष अधिकतम दुई लाख रुपैयाँसम्म,

(ग) सत्तरी वर्ष उमेर नाघेका जेष्ठ नागरिकले मात्र उपयोग गर्ने गरी एकलाख रुपैयाँसम्म,

(घ) खण्ड (ग) बमोजिमको सुविधामा नदोहोरिने गरी संवत् २०७६ साल साउन १ गते देखि लागू हुने गरी बीमितलाई अनुसूची-६ मा उल्लिखित रोगहरुको उपचारको लागि थप एक लाख रुपैयाँसम्म ।